Embassy of Nepal, Abu Dhabi
سفارة نيبال. أبوظبي

Ref. الاشارة

# प्रेस विज्ञप्ति

आज एक Virtual कार्यक्रमका बीच माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठज्यूले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय श्री डोल प्रसाद अर्यालज्यूको समेत समुउपस्थितिमा कन्सुलर सेवा विभाग, काठमाण्डौबाट संयुक्त अरब ईमिरेट्सका लागि नेपाली कामदारहरुको अनलाइन मागपत्र प्रमाणीकरण कार्यको शुभारम्भ गर्नु भयो ।

विदेशस्थित नेपाली नियोगहरुबाट रोजगारदाता कम्पनीहरुले गर्नुपर्ने वैदेशिक रोजगार सम्बन्धी मागपत्र प्रमाणीकरण सम्बन्धी कार्य अनलाईन प्रणाली मार्फत हुँदा रोजगारदाता कम्पनीहरुले राजदूतावासमा आइरहनु नपर्ने भएकोले राजदूतावासको सेवा प्रवाह अझ बढी शीघ्र, सरल, विश्वशनीय, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री हुने तथा रोजगारदाता कम्पनीले गर्दै आएको प्रकृया सम्बन्धी गुनासो पनि समाधान हुने अपेक्षा रहेको छ । यस प्रणालीमा दूतावासबाट गरिएको मागपत्र प्रमाणिकरण API मार्फत FEMIS मो स्वतः आवद्ध हुने भएकोले कम्पनीहरुले मागपत्रको अवस्था स्वयं हेर्न सक्ने हुँदा मागपत्र प्रमाणिकरणमा विद्युतीय सुशासन कायम हुने देखिन्छ।

यस राजदूतावासले २२ मे २०२४ मा अनलाइन मागपत्र प्रमाणीकरणमा आवद्ध हुने प्रयोजनका लागि User Registration गर्न युएईमा रहेका रोजगारदाता कम्पनीहरुलाइ सूचना प्रकाशित गरी जानकारी गराएको थियो।

उक्त कार्यक्रममा परराष्ट्र सचिव श्री सेवा लम्साल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निमित्त सचिव श्री मदन दाहाल तथा संयुक्त अरब इमिरेट्सका लागि नेपाली राजदूत महामहिम श्री तेज बहादुर क्षेत्री, कन्सुलर सेवा विभागका महानिर्देशक श्री प्रकाशमणि पौडेल, परराष्ट्र मन्त्रालय र कन्सुलर सेवा विभागका उच्चपदस्थ पदाधिकारी तथा दूतावासका कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

नेपाली राजदूतावास, अबुधाबी
मिति २०८१/०२/२४
(०६ जुन २०२४)

सفارة نيبال
नेपाली राजदूतावास
अबुधाबी, युएई

P. O. Box : 38282 - Abu Dhabi - United Arab Emirates - Tel. : 02-6344767 / 6344385 - Fax : 02-6344469
E-mail : eonabudhabi@mofa.gov.np, Website: www.ae.nepalembassy.gov.np